**सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास**

**माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल**

**आदेश**

**०८२-WO-०५७०**

**विषयः- उत्प्रेषण।**

कञ्चन विच्छा.............................................................................. निवेदक

**विरुद्ध**

राष्ट्रिय प्रजातन्त्र पार्टी केन्द्रिय कार्यालय धुमबराही काठमाडौंसमेत.................. विपक्षी

रिट निवेदनसहितको मिसिल संलग्न कागजातहरू अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित हुनु भएका विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा तथा विद्धान अधिवक्ताद्धय श्री दिपेन्द्र झा र रवि नायकले गर्नुभएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र विपक्षी नं. ४ ले महान्यायाधिवक्ताको कार्यालयमार्फत, विपक्षी नं. ३ ले मुख्य न्यायाधीवक्ताको कार्यालय मधेश प्रदेश जनकपुरधाम मार्फत र अन्य विपक्षि न. १ र २ को हकमा आफैं वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जबाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुका नाउँमा म्याद सूचना पठाई म्यादभित्र लिखित जबाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नुहोला।

साथै निवेदकले अन्तरिम आदेश समेत माग गरेको सम्बन्धमा विचार गर्दा निवेदक आवद्ध रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी केन्द्रिय कार्यालय धुम्बाराहिको च. न. १४३ मिति २०८२।८।१२ को पत्र अनुसार मधेश प्रदेशसभा जनकपुरधामको मिति २०८२।८।१९ को सुचना अनुसार निवेदकलाई मधेश प्रदेशसभा सदस्यबाट निष्कासन गरिए उपर प्रस्तुत रिट

निवेदन दायर हुन आएको देखिन्छ । नेपालको संविधान को धारा १८० मा प्रदेशसभा सदस्यको स्थान रिक्त हुने सम्बन्धी संवैधानिक व्यवस्था तर्फ अवलोकन गर्दा खण्ड (क) देखि (च) सम्मको अवस्था विद्यमान भएमा प्रदेशसभा सदस्यको पद रिक्त हुने प्रावधान अन्तरगत निवेदकबाट उक्त संवैधानिक प्रावधान विपरित कार्य गरेको भन्ने नदेखिएको र राजनैतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३२ बमोजिम निवेदकले दल त्याग गरेको अवस्था नदेखिएको र राष्ट्रिय प्रजातन्त्र पार्टीको विधान, २०४८ (संशोधन सहित २०७८) को दफा ३० (ड) बमोजिम निजलाई गरिएको अनुशासनको कारवाही र निज आवद्द रहेको दलले निजलाई दलबाट निष्कासन गरेको कार्य कानून अनुकुल रहे नरहेको सम्बन्धमा अन्तिम निर्णय हुँदाका बखत व्याख्या हुने प्रकृर्तिको देखिएको र निवेदक बहालवाला प्रदेशसभा सदस्य रहेको अवस्थामा निजलाई तोकिएको कार्य गर्न रोक लगाँउदा अपुरणीय क्षति पुग्न जाने अवस्थाको विद्यमानता देखिँदा सुविधा र सन्तुलनको दृष्ट्रिकोण समेतबाट प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म मिति २०८२।८।१९ को विपक्षी मधेश प्रदेशसभाको सुचना एवं राष्ट्रिय प्रजातन्त्र पार्टीबाट जारी मिति २०८२।८।१२ को च. न. १४३ को पत्र समेत कार्यान्वयन नगर्नु नगराउनु यथास्थितिमा राख्नु र निवेदकलाई प्रदेशसभा सदस्यको हैसियतले नियमित कार्य गर्नबाट वञ्चित नगर्नु भनि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षिहरुको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ । यो आदेशको जानकारी विपक्षिहरुलाई दिई नियमानुसार गर्नू ।

न्यायाधीश

इति संवत् २०८२ साल मंसिर २३ गते रोज ३ शुभम्...............................